'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ | अंक : २५ | विहिबार ०३ असोज, २०८१ | 19 (Thursday) September 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

# मुगुको छायाँनाथ रारा नगरपालिका साक्षर घोषणा

• नमस्ते समचारदाता
मुगु, असोज/०२

मुगु जिल्लाको एकमात्र छायाँनाथ रारा नगरपालिका साक्षर घोषणा गरिएको छ । 'ज्ञान, विज्ञान, सीप, उद्दम र मौलिकता साझेदारी र प्रणालीगत सक्षमता' भन्ने मुल नाराका साथ नगरपालिकालाई साक्षर घोषणा गरिएको हो । जिल्लामा रहेका चार स्थानीय तहमध्ये एकमात्र नगरपालिका छायाँनाथ रारालाई राष्ट्रिय शिक्षा दिवसको अवसरमा एक कार्यक्रम सहित नगरलाई जिल्लामा स्थानीय तहको तथा पहिलो नगरपालिकाको रुपमा घोषणा गरिएको हो । अन्य तीन पालिकामध्ये छायाँनाथ रारा नगरपालिका साक्षर घोषणा हुनेमा पहिलो भएको छ । नगरपालिकामा रहेको कुल जनसंख्यामध्ये ९६ प्रतिशत साक्षर छन् । उनीहरू



सबै अक्षर लेख्न र चिन्न सक्ने भएपछि साक्षरता घोषणाका लागि सूचक पूरा भएको नगर प्रमुख बिष्णु कुमार भामले बताए । उनका अनुसार नगरपालिकाभर रहेको १५ देखि ६० वर्ष उमेर समुहको कुल जनसंख्याको ९६ प्रतिशतले नेपाल सरकारले निर्धारण गरेका १२ वटा सूचक मध्ये ६ वटा सूचक नगरपालिकाले पूरा गरेपछि औपचारिक घोषणा गरिएको हो । सरकारले साक्षरता घोषणाका लागि १२ वटा सूचक आधार बनाएको छ । निर्धारण गरिएका राष्ट्रभाषा वा मातृभाषा बोल्न जान्ने, वर्ण वा अक्षरको पढाई लेखाई गर्न सक्ने, मोबाईल वा क्याल्कुलेटर चलाउन सक्ने, अंक चिन्न सक्ने वा ९ सम्मको अंक लेख्न वा पढ्न सक्ने, हिसाब राख्न सक्ने, सामाजिक कार्यक्रममा आफ्नो विचार वा परिचय राख्न सक्ने सूचक मध्ये ६ वटा पूरा भए साक्षर घोषणा गर्न सकिने छ । साक्षर नगरपालिका घोषणा गर्दै नगर प्रमुख भामले प्रविधिसँग खेल्न सक्ने जनशक्ति तयार गर्नु प्रमुख चुनौती रहेको बताए ।

# बाँकेमा एकलाख क्विन्टल धान उत्पादन हुने अनुमान

• नमस्ते समचारदाता
बाँके, असोज/०२



बाँकेमा सञ्चालन गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको धान परियोजना अन्तर्गत यस वर्ष जिल्लामा एक लाख क्विन्टल धान उत्पादन हुने अनुमान गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ बर्दियाले विगत ३ वर्षदेखि बाँकेमा धान जोन परियोजना लागू गरी धान खेती प्रवर्द्धनमा सहयोग गर्दै आएको छ । सो परियोजनाअन्तर्गत यस वर्ष १ लाख क्विन्टल धान उत्पादन हुने अनुमान गरिएको हो । बाँकेको जानकी, खजुरा र बैजनाथ गाउँपालिकाको ११ वटा वडामा परियोजनाले धान खेतीका लागि सिँचाइ, कृषि यान्त्रीकरण, बीउबिजन र प्राविधिक सहयोग गर्दै आएको छ । परियोजनाअन्तर्गत जानकी गाउँपालिकाको वडा नं १, २, ३, ४, खजुरा गाउँपालिकाको २ र ४, बैजनाथ गाउँपालिकाको २, ३ र ४ गरी ११ वटा वडामा कार्यक्रम लागू गरिएको छ । जसअन्तर्गत २ हजार ३४१ हेक्टर क्षेत्रफलमा धान खेतीमा प्रवर्द्धन गर्ने कार्यक्रम लागू गरिएको छ । चालु आर्थिक वर्षको यो धान सिजनमा करिब १ लाख क्विन्टल धान उत्पादन हुने अनुमान गरिएको परियोजनाका कृषि अधिकृत गणेश यादवले बताउनुभयो । उहाँका अनुसार परियोजनाले समेटेको कार्यक्षेत्रअन्तर्गत ८१४ जना कृषक तथा समूह र सहकारी यो योजनामा जोडिएका छन् । ती किसानहरूका लागि यो चालु आर्थिक वर्षमा साना सिँचाइ, व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रम, तरकारी क्षेत्र बिस्तारलगायतका कार्यक्रम रहेको परियोजनाका सूचना अधिकारी धवराज जोशीले बताए । बाँकेमा परियोजना अन्तर्गत चालु आर्थिक वर्ष २०८१-८२ बाट तरकारी जोनको कार्यक्रम पनि सञ्चालन गरिँदै छ । जसअन्तर्गत करिब ५०० हेक्टर तरकारी खेतीमा सहयोग गर्ने परियोजनाका सूचना अधिकारी जोशीले जानकारी दिए । चालु आर्थिक वर्षमा १ करोड २९ लाख धान खेती र ५० लाख तरकारी खेती प्रवर्द्धनका लागि बजेट रहेको परियोजनाले जनाएको छ ।

# हुम्लामा पहिलोपटक डेङ्गुको बिरामी देखिए

• नमस्ते समचारदाता
हुम्ला, असोज/०२

हिमाली जिल्ला हुम्लामा पहिलो पटक डेङ्गुका बिरामी देखिएका छन् । अत्याधिक ज्वरो आएपछि अस्पताल भर्ना गरिएका बालकको स्वाव परिक्षण गर्दा डेङ्गु पुष्टि भएको हो । सिमकोट गाउँपालिका-८ को खोल्सी गाउँका एघार वर्षका बालकलाई डेङ्गु पुष्टि भएको स्वास्थ्य सेवा कार्यालयका प्रमुख प्रेमबहादुर सिंहले जानकारी दिए । उनका अनुसार बालकको स्वाव भेरिफाइ गर्न तीन पटक ल्यावमा परिक्षण गर्दा डेङ्गु पुष्टि भएको हो । चिकित्सकले




बालकमा भएको डेङ्गु स्थानीय डेङ्गु भएको बताए । अभिभावकका अनुसार डेङ्गु पुष्टि भएका बालक जिल्ला भन्दा बाहिर कतै पनि गएका थिएनन् । ज्वरो आउने र रुघाखोकी लागेपछि बालकलाई जिल्ला अस्पतालमा भर्ना गरिएको थियो । हालसम्म हुम्ला जिल्ला डेङ्गुबाट सुरक्षित रहँदै आएको थियो । २०७८ सालमा जिल्ला बाहिरबाट गएका एक जना मानिसलाई डेङ्गु देखिएको थियो । उनले जिल्लामा डेङ्गुका बिरामी देखिएको कारण सबैलाई सुरक्षित रहन आग्रह गरे ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# समृद्धिको आधार विज्ञान प्रविधि

सञ्जीव रोकाहा/ रोशन पाण्डे




विज्ञान र प्रविधि आधुनिक समाजको मेरुदण्ड हो, जसले देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा महत्वपूर्ण भूमिका खेल्छ । विश्वका धेरै राष्ट्र, विशेष गरी एसियाली क्षेत्रका देशहरू (चीन, भारत र दक्षिण कोरिया आदि) ले आफ्नो तीव्र आर्थिक विकासलाई विज्ञान र प्रविधिमा आधारित गरेका छन् तर नेपालमा भने विज्ञान र प्रविधिको क्षेत्रलाई अपेक्षित प्राथमिकता दिइएको छैन । त्यसैले हाम्रो समग्र विकास पछि परेको देखिन्छ। आज असोज १ गते, राष्ट्रिय विज्ञान दिवस। यस अवसरमा विज्ञान र प्रविधिको महत्वलाई सम्झनु आवश्यक छ। यस दिन त्रिचन्द्र कलेजमा नेपाल साइन्स कलेज स्थापना गरी विज्ञान विषय पढाउन थालिएको थियो, जसलाई पछि अमृत साइन्स कलेज (अस्कल) का रूपमा चिनियो । अस्कलको स्थापना नेपाली विज्ञान शिक्षाको एक कोसेढुङ्गा हो, जसले देशमा वैज्ञानिक शिक्षा र अनुसन्धानको प्रारम्भिक जग बसाएको छ। यस कलेजले हजारौं वैज्ञानिक, प्राविधिक र अनुसन्धानकर्ता उत्पादन गर्दै नेपाललाई विज्ञान र प्रविधिमा अगाडि बढ्न महत्वपूर्ण योगदान दिएको छ। राष्ट्रिय विज्ञान दिवस मनाउनुको मुख्य उद्देश्य भनेको वैज्ञानिक सोचलाई प्रोत्साहन गर्नु, अनुसन्धान तथा नवप्रवर्तनलाई प्रवर्धन गर्नु र नेपाललाई प्रविधिमा आत्मनिर्भर बनाउने दिशामा जागरुकता फैलाउनु हो। विज्ञान र प्रविधिको उचित प्रयोगले गरिबी निवारण, रोजगारी सिर्जना र उत्पादनमा वृद्धि गर्न सकिन्छ, जसले नेपाललाई समृद्धिको दिशामा लैजान सक्छ । त्यसैले विज्ञान र प्रविधिको महत्वलाई अझ बढी गहिराइमा बुझ्न र यसलाई जीवनमा लागु गर्न आवश्यक छ । नेपालमा विज्ञान र प्रविधिको विकास क्रमिक रूपमा भएको छ। पछिल्ला वर्षमा केही सरकारी तथा गैरसरकारी संस्थाले अनुसन्धान, विकास र प्रविधिको प्रयोगमा पहल गरेका छन् तर समग्रमा, विज्ञान र प्रविधि नेपालको प्राथमिकता सूचीमा पछि परेको छ। उदाहरणका लागि नेपालमा अनुसन्धान र विकास (आर एन्ड डी) मा अत्यन्त कम बजेट छुट्याइएको छ। सन् २०१९ मा नेपालको कुल बजेटको ०.३ प्रतिशत मात्र अनुसन्धान र विकासका लागि छुट्याइएको थियो, जुन दक्षिण एसियाली देशहरूबिच सबैभन्दा कम होस्। यसले नेपालका वैज्ञानिकलाई नयाँ आविष्कार गर्न र अनुसन्धानलाई अगाडि बढाउन कठिनाइ परेको छ। साथै नेपालमा विज्ञान र प्रविधिको प्रयोग गरी उद्यमशीलता प्रवर्धन गर्ने योजनामा पनि कमी देखिन्छ। नेपालमा स्टार्टअपहरू विकासशील अवस्थामा छन् तर तिनको दिगोपनाका लागि आवश्यक पर्ने प्रविधि र वित्तीय सहयोगको अभाव छ। यसको उदाहरणस्वरूप 'इसेवा' जस्तो डिजिटल पेमेन्ट प्रणाली भने केही हदसम्म सफल भएको छ तर त्यस्ता प्रविधिमा आधारित स्टार्टअपलाई अन्तर्राष्ट्रियस्तर मा प्रतिस्पर्धा गर्न आवश्यक पर्ने सहयोग अझै अपुग देखिन्छ। नेपालका छिमेकी देश जस्तै भारत र चीनले विज्ञान र प्रविधिमा गरेको लगानीका कारण तीव्र आर्थिक प्रगति गरेका छन् । भारतले अन्तरिक्ष प्रविधिमा उल्लेखनीय प्रगति गरेको छ। 'मङ्गलयान' मिसन जस्तो सफल परियोजना यसको उदाहरण हो । यसबाहेक भारतले बायोटेक्नोलोजी, सूचना प्रविधि र नवीकरणीय ऊर्जा क्षेत्रमा समेत विश्वस्तरीय अनुसन्धान र विकास गरेको छ । चीनले पनि विज्ञान र प्रविधिमा ठुलो लगानी गर्दै आर्थिक वृद्धि हासिल गरेको छ । चीनको 'बेल्ट एन्ड रोड' परियोजना र 'मेड इन चाइना २०२५' पहलहरूले चीनलाई विश्वको सबैभन्दा ठुलो आर्थिक शक्तिका रूपमा स्थापित गर्न मद्दत गरेका छन्। दक्षिण कोरियाले पनि विज्ञान र प्रविधिमा गरेको लगानीका कारण केही दशकमै आफूलाई उच्च विकसित राष्ट्रमा उभ्याएको छ। 'सामसुङ' र 'एलजी' जस्ता प्राविधिक कम्पनीले कोरियाली अर्थतन्त्रलाई विश्वमा अगाडि बढाएको छ । नेपालमा भने विज्ञान र प्रविधि क्षेत्रमा अपेक्षित विकास नहुनुको केही प्रमुख कारण छन्। पहिलो, विज्ञान र प्रविधिमा गरिने लगानी न्यून भएकाले यो क्षेत्रमा आवश्यक पर्ने स्रोतसाधन र जनशक्तिको अभाव छ। दोस्रो, प्राविधिक शिक्षा र अनुसन्धानको क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको सहयोग र प्रविधि हस्तान्तरण अपर्याप्त छ। यसले गर्दा नवीन प्रविधिको विकास र प्रयोगमा चुनौती उत्पन्न भएको छ। तेस्रो, विज्ञान र प्रविधिको शिक्षालाई व्यवस्थित गर्न आवश्यक सुधार र पुनर्संरचनाको अभाव छ। चौथो, धेरै नेपाली जनतामा विज्ञान र प्रविधिप्रति पर्याप्त ज्ञान र चेतना नभएकाले यो क्षेत्रलाई प्राथमिकता दिइएको छैन। पाँचौं, लामो समयदेखि राजनीतिक अस्थिरताले गर्दा दीर्घकालीन योजना र परियोजना कार्यान्वयनमा समस्या भएको छ । नेपालमा विज्ञान र प्रविधिको विकासका लागि केही चुनौती भए पनि केही महत्वपूर्ण अवसर पनि छन्। नेपालमा जलविद्युत्, सौर्य ऊर्जा र बायोमास जस्ता नवीकरणीय ऊर्जा स्रोत प्रचुर मात्रामा उपलब्ध छन् । यी स्रोतको प्रभावकारी उपयोगले नेपालको आर्थिक विकासलाई गति दिन सक्छ। नेपालका युवालाई वैज्ञानिक अनुसन्धान र प्रविधिमा रुचि जगाई यो क्षेत्रलाई अगाडि बढाउनु पर्छ। नेपालले छिमेकी राष्ट्रहरू भारत र चीनसँगको वैज्ञानिक अनुसन्धान र प्रविधिमा केन्द्रित सम्बन्धलाई सुदृढ गर्नु पर्छ । अन्तर्राष्ट्रियस्तरमा वैज्ञानिक अनुसन्धानका लागि अनुदान, प्राविधिक सहयोग र संयुक्त परियोजनामा सहभागिता हासिल गर्न नेपालले साइन्स डिप्लोमेसी (विज्ञान कूटनीति) को रणनीति अवलम्बन गर्नु पर्छ। विज्ञान र प्रविधिको विकासका लागि थप कदम आवश्यक छ। पहिलो, विज्ञान र प्रविधिमा थप बजेट विनियोजन गरिनु आवश्यक छ। अनुसन्धान र विकासका लागि छुट्याइएको बजेटलाई कम्तीमा कुल बजेटको दुई प्रतिशत पुऱ्याउनु पर्छ । दोस्रो, विज्ञान र प्रविधिको शिक्षामा गुणस्तर सुधार र प्रयोगात्मक शिक्षण विधिको प्रवर्धन आवश्यक छ। तेस्रो, प्रविधिमा आधारित स्टार्टअपहरूलाई प्रोत्साहन गर्न सरकार तथा निजी क्षेत्रबाट वित्तीय सहयोग, प्रविधि हस्तान्तरण र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्छ। चौथो, छिमेकी राष्ट्रसँगको वैज्ञानिक सहयोगलाई बलियो बनाउँदै प्रविधि हस्तान्तरण, संयुक्त अनुसन्धान परियोजना र प्राविधिक सहायता विस्तार गर्नु पर्छ। दीर्घकालीन विज्ञान र प्रविधिको नीति निर्माण र कार्यान्वयनका लागि राजनीतिक स्थिरता र स्पष्टता आवश्यक छ। उद्योग अनुसन्धान र व्यवसायीकरणमा ध्यान केन्द्रित गर्नु पर्छ। परम्परागत उद्योगमा नयाँ प्रविधि भित्र्याएर उत्पादनको गुणस्तर र परिमाण वृद्धि गर्न सकिन्छ। साथै सीमित बजेटका कारण चीन र भारत जस्ता ठुला बजारसँग प्रतिस्पर्धा गर्न कठिन छ । त्यसैले साना र मझौला उद्योगको विकासमा केन्द्रित हुनु पर्दछ, जसले विशिष्ट प्रकारका उत्पादन जस्तैः हस्तकला, पर्यटन तथा जैविक उत्पादनको बजारमा अग्रता लिन सक्छ । समृद्धिका लागि सूचना प्रविधि (आइटी), कृत्रिम बुद्धिमत्ता (एआई) र सेवा उद्योगको महत्व दिनप्रतिदिन बढ्दै गएको छ। आइटी क्षेत्रमा भएको प्रगति र डिजिटल प्रविधिको उपयोगले नेपाललाई विश्वव्यापी रूपमा जोड्न र आर्थिक वृद्धि गर्न अवसर प्रदान गरेको छ। एआईले उत्पादन प्रक्रियामा स्वचालित तथा कृषि, स्वास्थ्य र शिक्षामा नवीनतम समाधान ल्याउन सक्छ, जसले लागत घटाउन र सेवा गुणस्तर सुधार गर्न मद्दत गर्दछ। सेवा उद्योग, विशेष गरी पर्यटन, सूचना प्रविधि र वित्तीय क्षेत्रमा रोजगारी सिर्जना र आर्थिक विकासको प्रमुख खम्बा बन्न सक्छ। युवालाई आइटी र एआईमा दक्ष बनाउने हो भने उनीहरूले विश्वव्यापी डिजिटल अर्थतन्त्रमा प्रतिस्पर्धा गर्न सक्छन्। यसले विदेशमा रोजगारी मात्र होइन, स्वदेशमै उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन मिल्छ, जसले दीर्घकालीन आर्थिक समृद्धि सुनिश्चित गर्नमा मद्दत पुऱ्याउँछ। नेपालले विज्ञान र प्रविधिको क्षेत्रमा प्रगति गर्नका लागि 'पेटेन्टिङ' को प्रक्रिया सुदृढ गर्नु पर्छ । नयाँ आविष्कारलाई कानुनी संरक्षण दिने र तिनको व्यवसायीकरण गर्ने प्रक्रियालाई सरल र सहज बनाउनु जरुरी छ। साथै प्रतिक्रिया इमिटेसन र रिभर्स इन्जिनियरिङको प्रविधि प्रयोग गरी केही उत्पादक र सेवामा अग्रता लिन सकिन्छ। ठुला देशहरूले विकास गरेको प्रविधिलाई आफ्नो सन्दर्भमा अनुकूलन गरी आर्थिक लाभ नेपालले उठाउन सक्छ । यो रणनीतिले नेपाललाई ठुला लगानी र अनुसन्धानबिना नै केही हदसम्म प्रतिस्पर्धी बन्न मद्दत पुऱ्याउँछ । नेपालको बजार सानो छ तर सेवा उद्योग र विशेष प्रकारका उत्पादनमा नेपालले ध्यान केन्द्रित गर्न सक्छ। उदाहरणका लागि पर्यटन उद्योग, हर्बल औषधी उत्पादन र जैविक कृषि उत्पादनजस्ता क्षेत्रमा नेपालले विशेष ध्यान दिन सक्छ। यी उद्योगले अन्तर्राष्ट्रिय बजारमा नेपाललाई पहिचान दिलाउन सक्छन् र निर्यातका लागि नयाँ अवसर सिर्जना गर्न सक्छन्। त्यसैले नेपालको समृद्धिका लागि आइटी, एआई र सेवा उद्योग महत्वपूर्ण छन्। आइटीले डिजिटल कनेक्टिभिटी र आर्थिक अवसर बढाउँछ। एआईले कृषि, स्वास्थ्य र शिक्षामा सुधार ल्याउन सक्छ। सेवा उद्योगले रोजगारी सिर्जना गर्दै आर्थिक वृद्धि गर्न मद्दत पुऱ्याउँछ । युवापुस्तालाई यी क्षेत्रमा दक्ष बनाउने हो भने नेपालले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्दै दीर्घकालीन समृद्धि हासिल गर्न सक्छ। विज्ञान र प्रविधिलाई प्राथमिकता दिई यसमा लगानी बढाउनु नेपालको समृद्धिका लागि अपरिहार्य छ । छिमेकी देशले विज्ञान र प्रविधिमा गरेको प्रगति हामीले सिक्नुपर्ने उदाहरण हुन् । सरकारको पहल, अन्तर्राष्ट्रिय सहयोग र युवाको सक्रिय सहभागिताले नेपाललाई विज्ञान र प्रविधिमा उत्कृष्ट राष्ट्रका रूपमा स्थापित गर्न सकिन्छ ।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# अगुवा किसानलाई अन्तर गाउँपालिका अवलोकन भ्रमण



• नमस्ते समचारदाता
हुम्ला, असोज/०२

अगुवा किसानलाई अन्तर गाउँपालिका अवलोकन भ्रमणमा लगिएको छ। कृषि क्षेत्रमा नमुनायोग्य काम गरिएका कामबारे जानकारी गराउन र किसानलाई देखाउनका लागि अवलोकन भ्रमण गरिएको हो। दुवै गाउँपालिकाका किसानलाई अनुभव आदान प्रदान गर्न र कृषि क्षेत्रमा गरिएका नयाँ प्रयास सिकाउनका लागि अवलोकन भ्रमण गरिएको हो। सिमकोट र खार्पुनाथ गाउँपालिका भूगोल हावापानीका हिसावले फरक भएको कारण खार्पुनाथका अगुवा किसानलाई सिमकोटमा अवलोकन भ्रमणमा ल्याउने कार्य भएको जलवायु उत्थानशील हरित कृषि तथा उत्पादनशिल पारिस्थितकीय पद्धति ( ग्रेप ) परियोजना एन्साव नेपालका संयोजक राजन शाहले बताए। किसानलाई कृषिधारका विद्यार्थीहरुले सैद्धान्तिक रुपमा खेती गर्ने तौर तरिका, दुरीका बारेमा पनि जानकारी दिने काम अवलोकन भ्रमणका क्रममा भएको उनले बताए। यो भ्रमणका क्रममा मल्चिङ खेती, ठाडो खेती, टनेल खेती, गृनहाउसमा आधार खुल्ला बनाएर गरिएको तरकारी खेतीका बारेमा कृषिधार का प्रशिक्षक र विद्यार्थीहरुबाट जानकारी दिने कार्य भएको उनले बताए। उचाई अनुसार गरिने खेतीका बारेमा पनि किसानले जानकारी पाएका थिए। रासायानिक विषादी मुक्त जिल्ला भएको कारण झोल मल, गोठे मल, जैविक विषादी तयार पार्ने तरिका पनि किसानले जानकारी पाएका थिए। त्यसैगरि स्याउँ बगैचा तथा च्याउ खेतीको बारेमा पनि जानकारी दिने कार्य भएको थियो। ब्यवसायीक स्याउ खेती गर्नका लागि आवश्यक पर्ने सीपका बारेमा पनि जानकारी दिइएको थियो। त्यसैगरि किसानलाई सिचाईका लागि बालुवा, माटो र सिमेन्ट प्रयोग गरिएको पोखरी हेर्ने कार्य पनि भएको थियो। खार्पुनाथ गाउँपालिकाका किसानले आफ्ना जिज्ञासाहरु विद्यालयको प्रशिक्षक, विद्यार्थीहरु र सिमकोटका अगुवा किसानसंग जिज्ञासा राख्ने कार्य पनि गरेका थिए। अवलोकन भ्रमणमा सहभागी भएकी खार्पुनाथ गाउँपालिका-४ की छिप्रा गाउँको ज्ञानमति हमालले भ्रमण फलदायी भएको बताइन्। हमालले तरकारी खेती बिशेष गरि तमाटर र केप्सीकन फलाएर मनग्य कमाई गर्ने किनासमा पर्छिन्। उनले अवलोकन भ्रमणबाट धेरै नयाँ कुरा सिकेको र अब आफ्नो तरकारी खेतीमा पनि प्रयोगमा ल्याउने जनाईन। अर्को कुरा हमालले मल्चिङ खेतीबाट आफु प्रभावित भएको र यो बिधि प्रयोग गरेर आफ्नो तरकारी बारीमा लगाउने तरकारी बाह्रै महिना फलाउन सकिने ज्ञान भ्रमणबाट सिकिएको बताईन। यसका लागि खार्पुनाथ गाउँपालिका-४ र ५ का स्थानीय श्रोत ब्यक्ति गरी बीस जना अगुवा किसानलाई सहभागी गरिएको हो। भ्रमण दुई दिनसम्म सञ्चालन भएको थियो।

# संघको हस्तक्षेपले प्रदेशलाई परनिर्भर बनाएको लुम्बिनीका मुख्यमन्त्रीको दाबी

• नमस्ते समचारदाता
बुटवल, असोज/०२



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानले दिएको प्रदेशको अधिकारमाथि हस्तक्षेप गरेर संघीय सरकारले नै प्रदेशलाई ऋणात्मक बनाउन लागेको आरोप लगाएका छन्। उनले प्रदेश र स्थानीय तहको अधिकारमाथि संघीय सरकारले हस्तक्षेप गर्न नहुने बताए। संघले दिएको बजेट रोकेर प्रदेशलाई ऋणात्मक बनाउने काम गरेको भन्दै उनले असन्तुष्टि जनाएका हुन्। संविधान दिवसको पूर्वसन्ध्यामा बुधबार लुम्बिनी प्रदेशमा आयोजना गरिएको 'संघीयता सवलीकरण' सम्बन्धी अन्तक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले संविधानले प्रदेश र स्थानीय तहलाई दिएको अधिकारमाथि संघीय सरकारले कुनै पनि बहानामा हस्तक्षेप गर्न नहुने बताए। 'संविधानले स्पष्ट रूपमा प्रदान गरेका अधिकारमाथि कसैले कुनै पनि बहानामा हस्तक्षेप गर्न हुँदैन,' उनले भने, 'संविधानले दिएको कुनै पनि अधिकार संघले रोक्न पाउँदैन, प्रदेशको बजेट रोकेर ऋणात्मक बनाउनु संविधान विपरीत हो।' त्यसमा संघीय सरकारका सांसदहरू नै अनुदार बनेको उनले आरोप लगाए। संघीय सरकारले प्रदेशलाई दिने भनेको २ अर्ब बढी समानीकरण अनुदान गत आवको अन्तिममा कटौती गरेपछि लुम्बिनी प्रदेश सरकार घाटामा छ। संघीयले नदिएपछि प्रदेश सरकारले काम सम्पन्न गराएका १ सय ५० बढी योजनाको २ अर्ब १८ करोड भुक्तानी गर्न सकेको छैन। काम सम्पन्न गरेर पनि रकम नपाएपछि निर्माण व्यवसायीले काम रोक्ने चेतावनी दिइरहेका छन्।

# अस्पतालका लागि भवन निर्माण अन्तिम चरणमा

• नमस्ते समचारदाता
कालीकोट, असोज/०२



कालीकोटको रास्कोट नगरपालिकामा अर्को अस्पताल निर्माणको काम भइरहेको छ। नगर सरकारले अस्पताल निर्माणका लागि बाटो खोलेपछि निर्माणको काम भइरहेको हो। २०७८ सालमा अस्पताल निर्माणका लागि सङ्घ सरकारले बजेट पठाए पनि नगरपालिकामा नगरकै स्वामित्वमा रहेको रास्कोट सामुदायिक अस्पताल भएकाले अर्को निर्माण गरिरहनु नपर्ने मन्त्रालयले परिपत्र गरेको थियो। पछिल्लो नगर सरकारको जोडबलमा नगरपालिकामा अर्को अस्पताल निर्माण सुरु भएको हो। २०७९ सालदेखि अस्पताल निर्माणको काम सुरु भएर अहिले अन्तिम चरणमा पुगेको छ। मन्त्रालयको परिपत्रले ठेक्का रोकिएको भए पनि पुन २०७९ सालमा निर्वाचित नगर सरकारले मन्त्रालयलाई पत्र लेख्दै दुई अस्पताल सञ्चालन गर्न सक्षम भएको दाबी गरेका कारण अर्को अस्पताल निर्माण सुरु भएको थियो। स्थानीय गोकर्ण सज्यालले स्युनाका नागरिकले निःशुल्क जग्गा दिएर नागरिककै लगानीमा बनेको रास्कोट सामुदायिक अस्पताल लाई अलपत्र पार्नका लागि राजनीति भएको बताउनुभयो। गौतुकोटको अस्पताल उतिबेलै नगर सरकारलाई हस्तान्तरण गरिसकेको र नगरकै स्वामित्वमा भएकाले उसैलाई थप स्तरवृद्धि गर्नुको सट्टा अर्को अस्पताल निर्माण गरेर नागरिकबिच विवाद ल्याउन खोजेको बताउनुभयो। रास्कोट नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत जवानसिंह बमले अस्पताल सञ्चालनकै लागि निर्माण भइरहेको प्रतिक्रिया दिनुभयो। उहाँले सङ्घ सरकारले जतिबेला प्रधानमन्त्री केपी शर्मा ओलीले तीनसय बढी स्थानीय तहमा निर्माण हुने अस्पतालको शिलान्यास गर्नु भएको थियो, सो सूचीमा रास्कोटमा निर्माणाधीन अस्पताल पनि परेको बताउनुभयो।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
..लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्ति घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माण कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# आजदेखि पितृ पक्ष (सोह्र श्राद्ध) सुरु



• नमस्ते समचारदाता
काठमाडौं, असोज/०२

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध अर्थात् पितृपक्ष विधिवत् आरम्भ भएको छ । प्रतिपदा तिथि श्राद्धको पिण्डदान अपराह्नकालमा गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिए । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवङ्गत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले यसलाई सोह्रश्राद्ध भनिएको हो । यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिन्छ । चाडपर्व यज्ञयागादि तथा ठूलाकार्य गर्नु अघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतम बताउँछन् । जाताशौच, मृताशौच र पत्नी रजस्वला भएका अवस्थामा बाहेक सोह्र श्राद्ध छोड्नु नहुने धर्मशास्त्रविद् गौतम बताउँछन् । कारणवश सोह्र श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन् । सोह्र श्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ । आपत् धर्मअनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउँछन् । यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । पितृपक्षभर यही तालिकाका आधारमा श्राद्ध गर्न पनि सुझाव दिए । पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडा दसैँ सुरु हुन्छ । बडादसैँ मनाउनुअघि पितृ तृप्तिका लागि सोह्र श्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ । ठूला पर्व वा चाड मनाउनुअघि पितृतृप्तिको कर्म गर्ने वैदिक सनातनी परम्परा छ ।

# लुम्बिनी बौद्ध विश्वविद्यालयको अध्ययनमा संसदीय समिति

• नमस्ते समचारदाता
बुटवल, असोज/०२



संघीय संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले लुम्बिनी बौद्ध विश्वविद्यालयको अध्ययन शुरु गरेको छ । संसदीय समितिका १० जनाको टोलीले विश्वविद्यालयको विभिन्न निकायहरुको अध्ययन गरेको हो । २०८१ असोज १ गते देवदहस्थित डिन कार्यालय तथा देवदह शिक्षा विकास परियोजना र बुटवल नयाँगाउँस्थित सिटी क्याम्पसको स्थलगत अध्ययन गरेको छ । सो अवसरमा देवदहमा आयोजना गरिएको परियोजना परिचयात्मक कार्यक्रममा बोल्दै संसदीय समितिका सभापति अम्मरबहादुर थापाले शिक्षा विकास परियोजना निकै महत्वपूर्ण रहेकाले यसको कार्यान्वयनमा सघाउने प्रतिबद्धता जनाए । लुम्बिनी बौद्ध विश्वविद्यालय स्थानीयस्तर देखि अन्तर्राष्ट्रिय पहिचान बनाउन सक्ने क्षमताको रहेको भन्दै उनले प्रवर्द्धनमा सरकारले नै काम गर्नुपर्ने बताए । नेपालका विश्वविद्यालयमध्ये अन्तर्राष्ट्रिय क्षेत्रमा फैलिने क्षमता लुम्बिनी बौद्ध विश्वविद्यालयसँग रहेको भन्दै उनले आफूहरुले समितिमा छलफल गरेर यसको विकासमा ठोस निर्देशन सरकारलाई गर्ने बताए । विश्व विद्यालयहरु पठनपाठनमा केन्द्रित नभएर अनुसन्धानमा केन्द्रित हुनुपर्ने उनको सुझाव थियो । विश्वविद्यालयले अनुसन्धान गरेर सो अनुसन्धान कार्यान्वयनका लागि सरकारलाई प्रतिवेदन दिनुपर्ने उनले बताए । समितिका सदस्य छविलाल विश्वकर्माले देवदहमा विश्वविद्यालयका लागि निकै प्रयासपछि जग्गा प्राप्त भएको भन्दै त्यसको बहुउपयोग गर्नुपर्ने बताए । स्थानीय उपभोक्ताका आवश्यकता जोड्दै विश्व विद्यालय अगाडि बढिरहेको भन्दै उनले देवदहको परियोजनालाई सफल बनाउने जिम्मेवारी सबैले लिनुपर्ने बताए ।

# नरहरिनाथ गाउँपालिका मा डेंगु र स्क्रब टाइफसबाट २१ संक्रमित

• नमस्ते समचारदाता
कालीकोट, असोज/०२




कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिकामा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु र किर्नाको टोकाइले सर्ने स्क्रब टाइफसबाट २१ जना संक्रमित भएका छन् । गाउँपालिकामा ज्वरोका बिरामी बढेपछि रगत संकलन गरेर प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुर्खेत पठाइएपछि उनीहरूमा संक्रमण भएको पुष्टि भएको हो । संक्रमितको थोगी नरहरिनाथ आधारभूत अस्पताल कुमालगाउँमा उपचार भइरहेको छ । यहाँको योगी नरहरिनाथ आधारभूत अस्पतालमा आएका बिरामीमध्ये केहीको रगत जिल्ला अस्पताल मान्ममार्फत प्रदेश प्रयोगशाला सुर्खेत पठाइएकामा ५ जनामा डेंगु र १६ जनामा स्क्रब टाइफस भेटिएको डा. शिवनाथ यादवले बताए । डेंगुबाट नरहरिनाथ-१ र २ का गरी ५ जना संक्रमित छन् । संक्रमित सबै १५ देखिमाथिको उमेर समूहका रहेका छन् भने ४ महिला र १ पुरुष संक्रमित छन् । अन्य वडामा डेंगुका बिरामी भेटिएका छैनन् ।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

# सुदूरपश्चिममा ४.३ रेक्टर स्केलको भूकम्प

• नमस्ते समचारदाता
धनगढी, असोज/०२

सुदूरपश्चिममा ४.३ रेक्टरस्केलको भूकम्प गएको छ । सोमबार बिहान १०: ८ मिनेट जाँदा खप्तड राष्ट्रिय निकुञ्ज नजिकै माझगाउँ केन्द्रबिन्दु भूकम्प गएको हो । भूकम्प मापन केन्द्र सुर्खेतका प्रमुख चिन्तन तिमिल्सेनाका अनुसार बझाङ, डोटी, बैतडी, बाजुरा र अछाममा भूकम्पको धक्का महसुस भएको छ । भदौ २८ गते बिहीबार बझाङ जिल्लाको गडराय आसपास क्षेत्रमा साँझ ८ बजेर ३५ मिनेट जाँदा ३.७ रेक्टर स्केलको भूकम्प गएको थियो । डोटी, खप्तड राष्ट्रिय निकुञ्ज र बझाङ केन्द्रबिन्दु भएर पटक पटक भूकम्प जाने गरेको छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके